# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 29.04.2025**

---

***Kuzu Cultural Show***

राज्यमा आउँदो महीना पहिलो तारीकदेखि दस दिने लामो कुजु सांस्कृतिक उत्सव 2025 आयोजित हुनेछ ।

उत्सवको पूर्वावलोकन कार्यक्रम गान्तोकको मनन केन्द्रमा आज आयोजन गरियो ।

यस अवसरमा मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको अवसरमा सांस्कृतिक उत्सवको आयोजना संस्कृति विभागले गरिरहेछ ।

यसमा एक्काइसवटा विभिन्न जातीय समुदायका धनी सांस्कृतिक विरासत र परम्परा प्रदर्शित गरिनेछ ।

आजको समारोहमा सिक्किमको सद्भावना दर्शाउँदै वृहत प्रदर्शनी 'एकै माटो एकै रंग' प्रस्तुत गरियो ।

संस्कृति विभागका कलाकारहरू सामेल रहेको यस प्रदर्शनीमा खेतीपाती विषयलाई लिएर सिक्किमका पुराना लोकगीत प्रस्तुत गरियो ।

समारोहमा मुख्यमन्त्रीले सिक्किम वित्त तथा लेखा सेवा संघको पत्रिकाको विमोचन पनि गर्नुभयो ।

यसमा विकासमूलक माइलखुट्टी सम्वन्धी शासनमा सुधार, वित्रीय नीति, समाज कल्याण, सांस्कृतिक चिन्हारी सम्वन्धी लेखहरू समावेश छन् ।

एकलव्य मोडल आवासीय विद्यालय गांगेप का कोयर समूहको प्रस्तुती समारोहको अर्को आकर्षण थियो।

---

***Reverse Buyer Seller Meet***

राज्यको वाणिज्य तथा उद्योग विभागले हिजो गुजरातको अहमदावादमा पहिलो रिभर्स क्रेता विक्रेता सम्मेलन आयोजित गरियो ।

भारतीय उद्योग परिसंघ र Invest India को सहयोगमा आयोजना गरिएको यस पहलको उद्देश्य सिक्किमका उद्यमीहरूका लागि सुदृढ़ व्यापारको व्यवस्था गर्नु हो।

अन्य सम्मेलनहरूको विपरीत यो रिभर्स क्रेता विक्रेता सम्मेलनमा सिक्किमका विक्रेताहरूले गुजरातका क्रेताहरूलाई उनीहरूका राज्यको छुट्टै उत्पादहरू प्रदर्शन गर्ने आग्रह गरे।

सम्मेलनमा बोल्दै सिक्किमका वाणिज्य तथा उद्येग मन्त्री श्री छिरिङ टी भुटियाले सिक्किम विश्वकै पहिलो पूर्ण प्रमाणित जैविक कृषि क्षेत्र र भारतमा ठूलो अलैचीको वृहत उत्पादक रहेको जानकारी दिनुभयो।

सिक्किम उच्च  मूल्यका जैविक उत्पादहरूका लागि प्रसिध्द रहेको बताउँदै उहाँले राज्यका हस्कला हस्तशिल्प र थाङका चित्रकला र अन्य पनि विषयहरू प्रकाश पार्नुभयो।

मन्त्रीले गुजरातका व्यापारी समुदायलाई सिक्किमका उद्यमीहरूसित मिलेर राज्यमा प्रसंस्करण तथा निर्माण इकाइहरू गढन गर्ने आमन्त्रित गर्नुभएको छ।

सम्मेलनमा विभिन्न उद्योगका क्रेताहरू सक्रिय रूपमा सहभागी बने।

---

***Condolence Governor CM***

राज्यपाल ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङले प्रख्यात राष्ट्र सूक्ष्मजीवविद तथा सिक्किम विश्वविद्यालयका कार्यवाहक कुलपति प्रोफेसर ज्योति प्रकाश तामाङ्गको निधनमा शोक प्रकट गर्नुभएको छ।

आफनो शोक सन्देशमा राज्यपालले डा. तामाङको देहान्तलाई देशको वैज्ञानिक जगतका लागि अपूरणीय क्षति बताउनुभएकोछ।

डा. तामाङलाई एक सम्मानित शिक्षाविद र उच्च शइक्षाको क्षेत्रमा समर्पित व्यक्तित्व बताउँदै मुख्यमन्त्रीले भन्नुभएको छ अनुसन्धान र शैक्षिक उत्कृष्टतामा उहाँको बहुमूल्य योगदानले सिक्किम विश्वविद्यालय र शैक्षिक समुदायमा अमित छाप छोड़ेको छ।

दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँले शोकसन्तप्त परिवारप्रति सम्वेदना प्रकट गर्नुभएको छ।

पूर्व मुख्यमन्त्री तथा सिक्किम पवन चामलिङले पनि सिक्किम विश्वविद्यालयका कार्यवाहक कुलपतिको देहान्तमा दुख व्यक्त गर्नुभएको छ र भन्नुभएको छ डा. तामाङको असामयिक निधन सिक्किम विश्वविद्यालयका निम्ति मात्र नभएर सम्पूर्ण सिक्किम राज्यका लागि गहिरो पीड़ा र अपूरणीय क्षति हो।

सिटिजन एक्शन पार्टी सिक्किमका अध्यक्ष गणेश कुमार राईले पनि देहान्तमा शोक प्रकट गर्नुभएको छ।

सिक्किम विश्वीद्यालयले पनि प्रोफेसर तामाङको असामयिक निधनमा दुख व्यक्त गरेको छ।

उहाँले पाँच दिसम्बर 2012 मा सिक्किम विश्वविद्यालयमा पहिलो मार्चमा सूक्ष्मजीवविज्ञान (Microbiology) विभागमा प्रोफेसरको पदमा नियुक्त हुनुभएको हो।

डा. ज्योतिप्रकाश तामाङको देहान्त आज बिहान सिलगढ़ीमा भयो।

उहाँ त्रिसाठी वर्षको हुनुहुन्थ्यो।

---

***PM***

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ- एक्काइसौं शताब्दीका आवश्यकताहरू पूरा गर्नका लागि सरकारले देशको शिक्षा व्यवस्थालाई आधुनिक बनाइरहेछ।

उहाँले भन्नुभएको छ केन्द्र सरकारले देशका प्रत्येक विद्यार्थीहरूका लागि विश्व स्तरीय ज्ञानलाई सुगम बनाइरहेछ।

नयाँ दिल्लीको भारत मंडपममा सरकार, शिक्षा समुदाय, उद्योग र नवोनमेषक समुदायका नेताहरूको पहिलो रणनीतिक सम्मेलन ‘युग्म’ लाई सम्बोधन गर्दै प्रधानमन्त्रीले यो कुरो भन्नुभएको हो।

श्री मोदीले भन्नुभयो भारतको विश्वविद्यालय परिसर गतिशील केन्द्रहरूको रूपमा देखा परिरहेछन्।

उहाँले भन्नुभयो यस वर्षको बजटमा सरकारले भारतीय प्रौद्योगिकी संस्थानहरूको क्षमता र सीटहरूको संख्या बढ़ाउने निर्णय लिएको छ।

प्रधानमन्त्रीले भन्नुभयो भारतका लागि आर्टिफिसियल इंटेलीजेन्स- एआईलाई उपयोगी बनाउने उद्देश्यले सरकारले मेक ए आई इन इण्डियाको दृष्टिकोणमाथि काम गरिरहेछ।

यस सम्मेलनको उद्देश्य भारतको नवाचार तन्त्रमा ब्यापक स्तरमा निजी निवेशलाई प्रेरित गर्नु र आग्रणी तकनिकमा अनुसन्धानद्वारा व्यावसायीकरणमा तीव्रता ल्याउनु हो।

---

***Weather***

राज्यमा विगत केही दिनदेखि तापमानमा कमी आएकाले मानिसहरू विशेष गरी पर्यटकहरूलाई जाड़ोको अनुभव गराएको छ।

स्थानीय मौसम विज्ञान विभाग अनुसार बितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान उन्नाइस दशमलउ छ डिग्री सेल्सियस र न्यूनतम तापमान एघार डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि तापमानमा वृध्दि भएर अधिकतम बाइस डिग्री र न्यूनतम तेह्र डिग्री सेल्सियस रहनेछ।